नगर उपप्रमुख विमला तामाङ्गज्यूले
दोस्रो कार्यकालको सातौं नगरसभामा प्रस्तुत गर्नु भएको

# कालिका नगरपालिकाको
## आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

## कालिका नगरपालिका
रेडक्रसग्राम, चितवन

२०८२ असार ४, बुधवार

**नगर सभाका अध्यक्षज्यू**

**नगरसभा सदस्यज्यूहरु,**

**"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय दीर्घकालिन सोच र बागमती प्रदेश सरकारको **"सुसंस्कृत र सुखी जनताः समाजबाद उन्मुख समृद्ध प्रदेश"** को दीर्घकालिन सोचसँग तादम्यता गर्दै **"समृद्ध कालिका, सुखी कालिकाबासी"** बनाउने दीर्घकालिन सोच सहित **नगरको समष्टिगत विकासका लागि आर्थिक, भौतिक, सामाजिक र सांस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरणमैत्री, समावेशी, न्यायपूर्ण तथा सुशासनयुक्त नगरपालिका निर्माण गर्ने दीर्घकालिन लक्ष्य प्राप्ति गर्न** कालिका नगरपालिकाबाट लक्षित गरिएको नीति तथा कार्यक्रम अनुसार आर्थिक वर्ष २०८२/०८३ को बजेट प्रस्तुत गर्न पाउदा आफैलाई गौरवान्वित ठानेको छु । यस अवसरमा स्वतन्त्रता, समानता र सामाजिक न्याय सहितको संङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको दिशामा अग्रपङ्तीमा रहेर शाहदत प्राप्त गर्नुहुने सम्पुर्ण शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

**सभाका अध्यक्ष एवम् सदस्यज्यूहरु**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र कालिका नगरपालिकाले गत वर्षहरुमा लिएका नीति तथा कार्यक्रम र आगामी आर्थिक वर्षका लागि स्वीकृत नीति तथा कार्यक्रमका आधारमा आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट प्रस्ताव पेश गरेको छु । स्थानीय तहको दोश्रो निर्वाचन पश्चात तेस्रो बर्षे कार्यकालको समाप्ति र चौथो बर्षको लागि पूर्ण बजेट पेश गर्न गईरहेको सन्दर्भमा विगत बर्षहरुमा नगरपालिकाले हांसिल गरेका मुख्य मुख्य कार्य र उपलब्धीहरुको स्मरण गर्न चाहन्छु।

नगरपालिकाको मुख्य प्रशासकीय भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको छ। आगामी आर्थिक वर्षको शुरुवात देखि नै नगरपालिकाको प्रशासकीय भवनवाट सम्पूर्ण प्रशासनीक कार्य शुरु हुनेछ जसवाट जनताहरुले प्राप्त गर्ने सार्वजनिक सेवा प्रवाह छिटो छरीतो हुने आशा लिएको छु ।नगर क्षेत्रको शहरी क्षेत्रका प्राय सवै मुख्य सडकहरु कालोपत्रे भईसकेका छन् । सहायक सडकहरु पनि कालोपत्रे गर्ने, उच्च ग्रावेल गर्ने, सडकमा नाला निर्माण गरी सडकको स्तरउन्नती गर्ने र नयां ट्र्याक खोल्ने योजनाहरु सम्पन्न गरी निरन्तर रुपमा अगाडी बढेको छ ।

यस नगरपालिकाले भौतिक पूर्वाधारको क्षेत्रमा उल्लेख्य प्रगती हांसिल गरेको कुरा समेत जानकारी गराउछु । विगत वर्षहरुमा निर्माण सम्पन्न भएका र मर्मत गर्नु पर्ने सडकहरुको मर्मत कार्यलाई उच्च प्राथमिकतामा राखी मर्मत संभार कार्य भइरहेको छ।यस नगरपालिकावाट भरतपुर जोड्ने गड्वा चोक देखि खगेरी पुलसम्मको वाटो सम्पन्न भइ सकेको र नगरपालिका गेट देखि खोलेसिमल क्लवचोक जुटपानी शक्तिखोर

सडक, कमलचोक गडुवाचोक **भोजाड** सडक र वाटो नं. ९ को सडक स्तरोन्नतीको लागि उच्च प्राथमिकतामा **राखी मर्मत** कार्य भइ रहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु । भिमवली पार्क, उदयपुर पार्क, गैरीवारी झरना, सिन्ती झरनाहरुको पूर्वाधार विकासमा उच्च प्राथमिकता दिई निर्माण कार्य भइरहेको जानकारी गराँउदछुामठ, मन्दिर, गुम्वा जस्ता धार्मिक **स्थलहरुको समेत** मर्मत संभार तथा थप पूर्वाधारहरु निर्माण गरिएका छन्।वाढी,पहिरो **नियन्त्रणको** लागि कयर खोला र थाङवुङ खोलाको विभिन्न स्थानहरुमा विगवोल्डर **तथा** ग्यावियन तारजाली निर्माण गरिएको छ यसलाई आवश्यकता अनुसार आगामी वर्षहरुमा समेत निरन्तरता दिदै जाने **नीति लिइएको** छ। नगरको पहाडी क्षेत्र वडा नं. ११ को वडा कार्यालय जोड्ने सडकको **कालोपत्रे** गर्ने काम सम्पन्न भएको छ ।

।वडा नं. ८ को वडा कार्यालय भवन निर्माणको कार्य **सम्पन्न गर्नका लागि** अख्तियार दुरुपयोग अनुसन्धान आयोग र जिल्ला वन कार्यालयको अवरोधका कारण सम्पन्न गर्न सकिएको छैन उक्त कार्य सम्पन्न गराउन आवश्यक पहल गरी निर्माण कार्य शुरु गरिनेछासवै विद्यालयहरु,सवै वडा कार्यालयहरु र स्वास्थ्य संस्थामा ई-हाजिरिको व्यवस्था मिलाइएको छाकालिका नगरपालिकाको नगर **अस्पतालवाट थप** विशेषज्ञ सहितको स्वास्थ्य सुविधाहरु तथा प्रयोगशाला परीक्षणका **सेवाहरु विस्तार** भएका छन् । बिपन्न घर परिवारलाई नगरप्रमुख विपन्न स्वास्थ्य वीमा **कार्यक्रम अन्तरगत** ९१० परिवारका ३३८३ जनाको नि:शुल्क स्वास्थ्य विमा **गरिएको व्यहोरा** जानकारी गराउदछु ।

आर्थिक विकास तर्फ आय आर्जनको लागि केरा खेती, **मौरी पालन, च्याउ खेती**, पुष्प खेती,कृषि औजार वितरण,तरकारी खेती,बाख्रा पालन,वंगुर पालन तथा पशुपालन व्यवसाय,दुग्ध उत्पादन क्षेत्रमा अनुदान तथा उन्नत घाँसको विउ वितरण तथा नविनतम् प्रविधि हस्तान्तरण गरिएको छ ।

शैक्षिक क्षेत्रको विकासमा उल्लेख्य लगानी बढाइएकाले **नगरपालिकाले** चालु वर्ष जमुनापुर मा.वि.को अधुरो भवनको निर्माण सम्पन्न गरिएको **र विभिन्न विद्यालयहरुको** भवनको छाना फेर्ने, शौचालय निर्माण,फर्निचर लगायत अन्य **पूर्वाधार निर्माण** तथा मर्मत कार्य सम्पन्न गरिएको साथै **"बालबालिकासंग उपमेयर कार्यक्रम" अन्तरगत** वडा नं. १ देखि ११ का विद्यालयहरुमा अध्ययन गर्ने छात्र/छात्राहरुलाई **विद्यालय ड्रेस**,कापी कलम लगायत शैक्षिक सामाग्री वितरण गर्ने काम समेत सम्पन्न **गरि सकेका छौं**।नियमित प्रधानाध्यापकहरु संगको छलफल तथा नगरपालिकावाट **भएका अनुगमन** तथा मुल्याङ्कनको कारणवाट विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार **भएका छन्**।



नगरपालिकाले विगत बर्षहरु देखी निरन्तर रुपमा गरेको लगानीको प्रतिफल स्वरुप कृषिजन्य र पशुजन्य उत्पादन जिल्लाका अन्य स्थान तथा जिल्ला बाहिर समेत निकासी भईरहेको छामुख्य खाध्यान्न वालीहरुको उत्पादन र उत्पादकत्व उल्लेख्य **मात्रामा वृद्धि भएको छ भने मौसमी** तथा बेमौसमी तरकारी, च्याउ, केरा, मह, दुध र मासु **उत्पादन तर्फ कृषकहरु आकर्षित** भएका छन। साना तथा मझौला सिंचाईका लागि इनार निर्माण, सिंचाईका लागी सतही कुलो निर्माण तथा विस्तार, पाइप लाइन तथा थप च्याम्वर विस्तार, डिपवोरिङ तथा स्यालो ट्युवेलहरु निर्माण तथा मर्मत संभारका साथै स्तरउन्नती गरिएको छावोरिङ तथा सतही सिंचाईको स्तरउन्नती गरिएको छ जसका कारण तरकारी वाली र अन्नवाली उत्पादनमा उल्लेख्य वृद्धि भई कृषकहरुको आर्थिक अवस्थामा सुधार देखिएको छ।

यस नगरपालिकामा वर्षेनी बाढीवाट उच्च जोखिममा रहेको वुङखोला व्यवस्थापनको कार्य सुरु भइ सकेको छ यसलाई आगामी वर्षमा पनि निरन्तरता दिई वाढी व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ।नगरको पहाडी क्षेत्र हुँदै आँउने नदिले बर्षेनी तल्लो तटिय भाग कटान तथा डुवान गरी ठूलो धनजनको क्षति हुने समस्या समाधान गर्न थाङ खोला,बुङ खोलालाई व्यवस्थापन योजनाको कार्य शुरु भएको छासमग्र खोला व्यवस्थापनको लागी डि.पी.आर. र वातावरणीय अध्ययन प्रतिवेदन तयार भई कार्यन्वयन चरणमा रहेको छ। खानेपानीको क्षेत्रमा विभिन्न विकास योजना सन्चालन गरी ग्रामीण तथा अर्ध शहरी वस्तीहरुमा समेत खानेपानी विस्तार गरी खानेपानी आपूर्ति सहज भएको छ।

**<u>सभाका अध्यक्ष्य तथा सदस्यज्यूहरु,</u>**

अव म कालिका नगरपालिकको चालु आर्थिक वर्षको २०८१/०८२ को आर्थिक गतिविधि तथा बजेट कार्यन्वयनको समिक्षा गर्न चाहान्छु ।

चालु आर्थिक वर्षमा रु ६ करोड राजश्व सङ्कलन हुने अनुमान गरिएकोमा जेष्ठ मसान्त सम्म रु ४ करोड ६७ लाख २३ हजार प्राप्त भएको हुँदा चालु आर्थिक वर्षको अन्त्य सम्ममा लक्ष्य अनुसारकै राजश्व सङ्कलन हुने अनुमान गरेको छु ।

चालु आर्थिक वर्षमा नगरपालिकाको कुल खर्च रु ९२ करोड ९७ लाख ७४ हजार रुपैया हुने अनुमान गरिएकोमा संघीय सरकार तथा बागमती प्रदेश सरकारवाट सवै बजेट रकम प्राप्त नभएकोले हालसम्म रु ७१ करोड २८ लाख ६३ हजार ६ सय ६० प्राप्त भएको छाचालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्म चालु खर्च तर्फ रु ४९ करोड ७१ लाख ६४ हजार मध्ये रु ३५ करोड ९६ लाख ४२ हजार अर्थात ७२.३४% प्रतिशत खर्च र पूँजिगत तर्फ ४३ करोड २६ लाख ०९ हजार मध्ये रु १८ करोड ५० लाख ४०

हजार अर्थात् ४२.७७% **प्रतिशत खर्च** भएको जस **अनुसार कुल खर्च** रकम रु ५४ करोड ४६ लाख ८२ हजार **अर्थात** ५८.५८% भएको **देखिन्छ**।

**सभाका अध्यक्ष एवम् सदस्यज्युहरु,**

माथी उल्लिखित उपलब्धीहरुको स्मरण गर्दै अब म आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि यस नगरपालिकाले **अवलम्वन** गरेका नीतिहरुलाई उपलब्ध **वजेटको** श्रोत सीमालाई ध्यान दिई **आगामी वर्षको** वजेट तथा कार्यक्रममा **समावेश गरी** कार्यान्वयन गरिने हुँदा बजेटका उद्देश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ,

१.स्वास्थ्य उपचारलाई प्रभावकारी वनाई समग्र स्वास्थ्य सेवाको **गुणस्तर** बृद्धि गरिने छ।

२."**कृषि, पशुपालन, उद्यम र पर्यटनबाट आय आर्जन र रोजगार, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकास गरी जीवनस्तर सुधार**" गर्ने मुल नाराका **साथ प्रस्तुत** नीति अनुसार बजेट र कार्यक्रम तय गरिएको छ।

३.शैक्षिक पुर्वाधार निर्माणलाई निरन्तरता दिदै सामुदायिक **शिक्षालाई गुणस्तरिय** वनाउने तथा आर्थिक तथा सामाजिक रुपले पछाडि परेका **वालवालिकाहरुलाई** विद्यालयमा ल्याउन, **टिकाउन, सिकाउन र विकाउन "मेयर केयर कार्यक्रम"** (छात्रवृत्ति शैक्षिक सामग्री, पोशाक) सञ्चालन गरिनेछ। विद्यालयको भौतिक **पूर्वाधारहरुको** विकास एवं स्तरोन्नती गर्दै साथै खेलकुद क्षेत्रको विकास र पूर्वाधार **निर्माण गर्दै जाने छ**।

४.समाजिक सदभाव वृद्धि गरी महिला, वालवालिका, **अपाङ्गता भएका** व्यक्ति, जेष्ठ नागरिक, पिछडिएका बर्ग, समुदायलाई मुलप्रवाहमा ल्याउन **कार्यक्रम** सन्चालन गरिने छ।

५.आधारभुत शहरी तथा ग्रामिण पूर्वाधार निर्माणलाई सरकारी **निजी क्षेत्र** संग सहकार्य गरी पुर्वाधार निर्माण गरिने छ।

६."**स्वच्छ कालिका, हरित कालिका**" नारालाई आत्मसात् गर्दै कालिका नगरपालिका भित्रको वन, वातावरण, वन्यजन्तु र जलाधार क्षेत्रको संरक्षण, पोखरी निर्माण, मूल तथा सिमसार संरक्षण, वन तथा वनस्पतिको संरक्षण र दिगो उपयोग **मार्फत आय** आर्जन, उपयोग, रोजगारी सिर्जना गरिने छ।

७.**मह, च्याउ, केरा, रैथाने कोदो, फापर र पिँडालु** जस्ता कालिकाका स्थानीय उत्पादनहरूको उत्पादन र बजारीकरणमा आवश्यक पहल गरिने छ साथै कृषि क्षेत्रमा उत्पादन वृद्धि गर्न यान्त्रीकीकरण, सिंचाइको उचित प्रवन्ध **मिलाइने छ**।

८.नगरपालिका भित्र रहेका र नगरपालिका केन्द्र देखि **सबै वडा कार्यालयसम्म** पुग्ने पक्की सडक निर्माण र नगर यातायात गुरुयोजना बमोजिम **सडक सञ्जालको** विस्तार, स्तरोन्नती, मर्मत सम्भारका कार्यहरु गरिने छ।



९. महिला, बालबालिका, एकल महिला अपाङ्गता भएका व्यक्ति, विपन्न असहाय, दलित आदिबासी, जनजाती तथा सिमान्तकृत समुदायका महिलाहरुलाई टेवा सहित सिपमुलक कार्यक्रमहरु सञ्चालन गरिने छ।

१०." **बालबालिकासंग उपमेयर कार्यक्रम**" अन्तर्गत आमा वा वावु विहिन, भौगोलिक रुपले विकट, सिमान्तकृत तथा विपन्न बालबालिकाहरुलाई अध्ययनमा सहयोगको लागि नि:शुल्क शैक्षिक सामग्रीहरु वितरण गरिने छ।

११.नगर प्रहरीहरुको क्षमता विकास गरी नगरप्रहरीहरुलाई उपयुक्त ढंगवाट परिचालन गरी नगरवासीहरुलाई प्रदान गरीने सेवामा जोडीने छ।

१२.थाडखोला वुङखोला व्यवस्थापनलाई उच्च प्राथमिकता दिइ कार्य अगाडी वढाइने छ,

१३. विभिन्न संघ सस्थाहरुसंग साझेदारी गरी समग्र नगरको विकासमा जोड दिइने छ।

१४.पशुपालन व्यवसायलाई उचित विकास गर्न उन्नत नश्लसुधार, उन्नत घासको विउ वितरण, खोर तथा गोठ सुधार, भ्याक्सीन आदिको व्यवस्था गरी रोग तथा प्रकोप नियन्त्रण गरिने छ।

१५.कृषि क्षेत्रलाई सुन्य कर नीति अनुसार कृषिजन्य पशुजन्य र मौरीजन्य उत्पादनमा आधारीत ५लाख सम्म पूंजि भएका व्यवसायहरुलाई व्यवसाय कर रु १००/- (एक सय) कायम गरिएको छ।क्रमश: कृषि क्षेत्रलाई कर मुक्त वनाउदै लगिने छ।

१६. पूर्वाधार तर्फको चालु आर्थिक वर्षसम्म सम्पन्न हुन नसकेका विभिन्न क्रमागत पूर्वाधारका योजनाहरुको लागि आवश्यक वजेटको व्यवस्था मिलाइने छ।

**सभाका अध्यक्ष एवम् सदस्यज्युहरु**

नगरपालिकाले आ.व. २०८२/०८३ का लागि अवलम्वन गरेको नीति र कार्यक्रमहरुलाई आत्मसाथ गर्दै आगामी आ.ब. ०८२/०८३ को लागि राजश्व तथा अनुदान प्राप्तिको अनुमानका आधारहरुमा कूल बजेट रकम रु ९५ करोड ०७ लाख २० हजारको अनुमान वजेट पेश गरेको छु। सोही अनुसार यस बजेटमा **संघीय सरकार** तर्फ समानिकरण अनुदान रु १३ करोड ८५ लाख सशर्त अनुदान रु २५ करोड ५८ लाख, विशेष अनुदान रु २ करोड ८५ लाख, समपुरक अनुदान रु ७३ लाख र राजश्व बाँडफाँड रु १२ करोड ४६ लाख ९४ हजार र **वागमती प्रदेश सरकार** तर्फ समानिकरण अनुदान रु १ करोड ४० लाख १६ हजार, सशर्त अनुदान तर्फ रु २ करोड ५५ लाख २५ हजार, विशेष अनुदान रु ६५ लाख, समपुरक अनुदान रु २ करोड ३२ लाख, राजश्व बाँडफाँडमा रु ५ करोड ७६ लाख ८५ हजार, आन्तरिक आय तर्फ रु ७ करोड , जनसहभागिताबाट रु १ करोड ५० लाख ,सडक वोर्डबाट रु ४० लाख, मालपोत रजिष्ट्रेशन वापत रु ५ करोड र नदिजन्यवाट रु २ करोड र चालु वर्षको

जिम्मेवारी सर्ने रु११ करोड समेत समावेश गरी जम्मा रु ९५ करोड ७ लाख २० हजारको बजेट आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय विवरण अनुसूचिमा उल्लेख गरी आर्थिक ऐन २०८२ मा समावेश गरी पेश गरेको छु।

**सभाका अध्यक्ष एवम् सदस्यज्यूहरु**

विनियोजन तर्फको कुल बजेट रकम रु ९५ करोड ७ लाख २० हजार को विनियोजन ऐन २०८२ मा समावेश गरी अनुसूचिमा उल्लेख गरी पेश गरेकोछु। यस बजेट निर्माण गर्ने क्रममा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, लगाएत सम्पूर्ण कर्मचारीहरु, संस्थापक जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलका प्रतिनिधिहरु, विभिन्न संघ संस्थाका प्रतिनिधीहरु लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै यस वजेटको सफल कार्यान्यनका लागि सबै पक्षवाट सहयोग प्राप्त हुनेछ भन्ने आसा सहित मेरो भनाइ यही अन्त्य गर्दछु।

धन्यवाद !